# प्रेस विज्ञप्ति

## नेपाल बैंक लिमिटेडको नगद निक्षेप मेसिन सञ्चालनमा

आफ्ना ग्राहकवर्गलाई सधैं नवीनतम डिजिटल बैंकिङ सेवा प्रदान गर्ने नेपाल बैंकको ध्येय अनुरूप नेपाल बैंकले न्युरोड , धर्मपथ, काठमाडौंमा रहेको आफ्नो मूख्य शाखा काठमाडौं बैंकिङ अफिसमा पहिलो नगद निक्षेप मेसिन (Cash Deposit Machine) एक कार्यक्रम माझ उद्घाटन गरी सञ्चालनमा ल्याएको छ ।

सो नगद निक्षेप मेसिनको समुद्घाटन गर्दै यस बैंकले ग्राहक सेवालाई थप प्रभावकारी तथा डिजिटल मैत्री बनाउदै अत्याधुनिक बैंकिङ सेवा विस्तार गरिदै लगिने जनाएकोछ । नयाँ जडान गरिएको मेसिनमा रियल टाइम नगद जम्मा गर्ने सुविधा भएकोले ग्राहकवर्गलाई क्यास काउन्टरबाट मात्र नगद जम्मा गर्नुपर्ने बाध्यता हटेको छ ।

हाल बैंकले आफ्नो २२९ शाखा, ५९ एक्टेन्सन काउण्टर र २०४ एटिएम काउण्टरबाट सेवा प्रदान गरिरहेकोछ । अत्याधुनिक प्रविधिलाई आत्मसाथ गर्दै समयानुकूल थप सरल र सहज ग्राहक सेवा प्रदान गर्न बैंक सधैं कटिबद्ध रहेको छ ।

भवदीय,

२०८१/०५/२६ गते, बुधबार ।

(होम बहादुर खड्का)
प्रवक्ता